भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं. १, झापा, नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ४ भद्रपुर, भाद्र २० गते, २०७७ साल, संख्या ६

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणका लागि प्रकाशन गरिएकोछ ।

# भद्रपुर नगरपालिकको

# जनावर आतङ्क न्यूनीकरण यन्त्र संचालन कार्यबिधि २०७७

*स्वीकृत मिति २०७७/०५/१९*
*प्रमाणीकरण मिति २०७७/०५/२०*

# प्रस्तावना

भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र विभिन्न वनजंगल, पार्क,संरक्षण स्थल जस्ता स्थानहरुमा रहे बाहेक प्राकृतिक रुपमा रहेका हात्ती, बाँदर, स्याल, दुम्सी र बँदेल जस्ता जनावर तथा हानीकारक प्रकृतिका जीव जन्तु किटपतङ्ग र मानव बिच हुने द्धन्दलाई न्यूनीकरणगरी नगरबासीको जीउ धन, संरचना र बालीनाली समेतको संरक्षण, सम्बर्धन गरी त्यस्ता जीवहरुबाट हुन सक्ने क्षतीलाई न्यूनीकरणगर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(ण)(३) अनुसार भद्रपुर नगरपालिकाले जनावर आतङ्क न्यूनीकरणयन्त्र संचालन कार्यबिधि बनाई लागु गर्न आवश्यक भएकाले सोहि ऐनको दफा १०१(२) बमोजिम यो कार्यबिधि बनाई लागु गरिएको छ ।

## भाग १

### १. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :

(क) यो कार्यबिधिको नाम "जनावर आतङ्क न्यूनीकरणयन्त्र संचालन कार्यबिधि २०७७ " रहेको छ ।

(ख) यो कार्यबिधि भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभरि लागु हुनेछ ।

(ग) यो कार्यबिधि भद्रपुर नगरपालिका नगर कार्यपालिकाको बैठकले पारित गरी नगर प्रमुखबाट प्रमाणिकरण भएको मितिबाट लागु हुनेछ ।

## भाग २

### २. परिभाष : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) " जनावर आतङ्क न्यूनीकरणयन्त्र " भन्नाले जंगली जनावर बाँदर, हात्ती, दुम्सी, स्याल, बँदेल तथा यस्तै प्रकृतिका हानीकारक जनावर तथा किटपतङ्गलाई आवाजको माध्यमबाट तर्साउन, भगाउन वा एक स्थानबाट अर्को स्थानमा लखेट्न $CAC_2$ र $H_2O$ प्रयोग द्धारा पड्किएर वा ठूलो आवाज निस्कने प्लाष्टिक पाइपले छोपिएको यन्त्र सम्झनु पर्दछ । साथै उक्त शब्दले उल्लेखित जनावरहरुलाई धपाउन नविनतम प्रबिधिको प्रयोग गरी निर्माण गरिएको रिमोट कन्ट्रोलद्धारा आकाशमा उडाउन सकिने यन्त्रलाई समेतलाई सम्झनु पर्दछ ।

(ख) "पन्जा" भन्नाले जनावर आतङ्क न्यूनीकरणयन्त्रलाई चलाउदा चलाउने व्यक्तिले हातमा सुरक्षाका लागि प्रयोग गरिने छाला, कपडा वा प्लाष्टिकले बनेको हाते सुरक्षा कवच सम्झनु पर्दछ ।

(ग) " सेफ्टी ग्लास" भन्नाले जनावर आतङ्क न्यूनीकरणयन्त्र प्रयोग गर्दा प्रयोग कर्ताले आफ्नो शरिरको सुरक्षाका लागि शरिरका विभिन्न भाग जस्तै टाउको, छाती, आँखा र अनुहारमा प्रयोग गर्ने एक प्रकारको सुरक्षा कवच सम्झनु पर्दछ ।

(घ)" $CAC_2$ " भन्नाले कार्वनडाइ अक्साइड सम्झनु पर्दछ ।

(ङ) " $H_2O$ " भन्नाले पानी सम्झनु पर्दछ ।

(च) "ग्यास लाइटर " भन्नाले एक प्रकारको धातुले बनेको जसबाट आगोको झिल्का उत्पादन गरी अन्य बस्तुमा आगो सल्काउन सकिने बस्तु सम्झनु पर्दछ ।

(छ) "ड्रोन" भन्नाले जंगली जनावर बाँदर, हात्ती, दुम्सी, स्याल, बँदेल तथा यस्तै प्रकृतिका हानीकारक जनावर तथा किटपतङ्ग जस्ता नगरबासीको जिउधन, संरचना तथा बालीनालीमा क्षती पुऱ्याउने जनावरलाई तर्साउन, भगाउन वा एक स्थानबाट अर्को स्थानमा लखेट्नका लागि रिमोटद्धारा आकाशमा उडाउन मिल्ने नविनतम प्रबिधिको प्रयोग गरि बनाईएको बस्तु सम्झनु पर्दछ ।

(ज) "प्रमुख " भन्नाले :- भद्रपुर नगरपालिका  नगरप्रमुख सम्झनु पर्छ ।

(झ) "उपप्रमुख " भन्नाले :- भद्रपुर नगरपालिका नगरउपप्रमुख भन्ने सम्झनु पर्छ ।

ञ) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले :-भद्रपुर नगरपालिकाका प्रमुख प्रसासकिय अधिकृत (कार्यलय प्रमुख) सम्झनु पर्छ ।

(ट) "क्याप" भन्नाले कुनै बस्तुलाई ढाक्न छोप्न प्रयोग गरिएको ढकन वा बिर्को सम्झनु पर्दछ ।

(ठ) "कटन" भन्नाले रुवा वा यस्तै प्रकारको मुलायम कपडा जसले प्रयोगकर्तालाई कुनै यन्त्रबाट निसृत आवाजबाट कानमा असर नपरोस् भनि बिषेशत कानमा राखिने बस्तुलाई सम्झनु पर्दछ ।

(ड) "नगरपालिका " भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

## भाग ३

### ३ जनावर आतङ्क न्यूनीकरणयन्त्र निर्माण सम्बन्धि सामान्य व्यवस्थाः

(क) यो यन्त्र मानव र जीवजन्तुका बिच उत्पन्न द्धन्दका कारण हुने बालीनाली जीउधन संरचना र बोटबिरुवाको संरक्षण गर्ने उदेश्य राखी तयार पारिएको प्लाष्टिक पाइपद्धारा निर्माण गरिएको आवाज मात्र निकाल्न मिल्ने बन्दुक जस्तै यन्त्र हो ।

(ख) यो यन्त्रको आकार, तौल, साइज के कत्रो बनाउने सम्पूर्ण जिम्मेवारी निर्माण कर्ता वा कम्पनीको हुनेछ ।

(ग) यसमा मुख्यतया निम्न भाग रहने छन् ।

ठूलो भाग र सानो भाग

(घ) ठूलो भाग भन्नाले यन्त्रको पछाडीको भाग हो जहाँ क्यापद्धारा बन्द गरी ग्यास लाइटर राखिएको हुन्छ साथै माथीपट्टीको भागमा पानी राख्ने सानो प्वाल हुन्छ ।

(ङ) सानो भाग भन्नाले यन्त्रको अगाडीपट्टीको भाग हो जसले यन्त्रको ठूलो भागमा जम्मा भएको ग्यास तिब्र गतिमा निकाल्ने काम गर्दछ ।

**४. प्रयोग गर्ने बिधि :** यो यन्त्र चलाउन मुख्य २ (दुई) रसायन तत्वहरु $CAC_2$ र $H_2O$ आवश्यक पर्दछ । यन्त्रको सानो भागबाट $CAC_2$ राखी ठूलो भागमा रहेको प्वालबाट १/२ एम. एल. पानी राख्नु पर्दछ । यि दुबै बस्तु राखी सकेपछि यन्त्रको ठूलो भागबाट स्याँ स्याँ जस्तो आवाज निस्कन्छ त्यसपछि उक्त यन्त्रलाई ५ देखि १० सेकेण्डसम्म राम्ररी हल्लाएपछि ठूलो भागमा जोडिएको ग्यास लाइटर थिच्नु पर्दछ ,यसो गर्दा उक्त यन्त्रबाट ठूलो आवाज आई जनावर तथा किटपतङ्गहरु भाग्ने गर्दछन् ।

### ५ यन्त्र निर्माण गर्न अनुमति लिनु पर्ने :

(क) जनावर आतङ्क न्यूनीकरणयन्त्र बनाउन निर्माणकर्ता वा कम्पनीले आफुले बनाउन लागेको यन्त्रको आवश्यकता , तौल, साइज र आकार सहित सबै विवरण खुलाई सम्बन्धित वडा कार्यलयको सिफारिस सहित भद्रपुर नगरपालिकाको नगर प्रमुख समक्ष निर्माण अनुमतिका लागि निवेदन दिनु पर्दछ ।

(ख) उक्त निवेदन दिँदा प्रति आर्थिक बर्ष के कति परिमाणमा निर्माण गर्ने हो त्यसको अन्दाज लागत ,अधिकतम बिक्रि मुल्य र बिक्रि हुने सम्भावित क्षेत्र समेत उल्लेख गर्नु पर्दछ ।

(ग) यसरी प्राप्त निवेदनलाई नगरपालिकाले कार्यपालिकाको बैठकमा राखी अनुमति दिने निर्णय भएमा निवेदनमा उल्लेखित सम्पूर्ण विवरण खुलाई प्रमुख प्रसाशकिय अधिकृतले निर्माण अनुमति दिनु पर्नेछ ।

(घ) निर्माण अनुमति पाएको व्यक्ति वा कम्पनीले अनुमति बमोजिम निर्माण, प्रयोग र बिक्रि वितरण भए नभएको नगर प्रमुख, एक जना प्राविधिक तथा कृषि प्रमुखबाट कम्तीमा बर्षको २ (दुई) पटक अनुगमन गरी आवश्यक सुझाव दिनु पर्दछ ।

(ङ) भद्रपुर नगरपालिका क्षेत्रभित्र अनुमति विपरित वा अनाधिकृत रुपमा कसैले यस प्रकारको यन्त्र बनाइएको पाइएमा नगर कार्यपालिका बैठकले निर्णय गरे बमोजिम जरिवाना गर्न सकिनेछ ।

(च) भद्रपुर नगरपालिकाबाट अनुमति पाई यन्त्र निर्माण गर्दा निर्माण कर्ता, सो को कम्पनी, कामदार वा अन्य व्यक्ति पशुपंक्षी वा निजि तथा सार्वजनिक संरचनामा कुनै दुर्घटनाका कारण क्षति भएमा अनुमति दिएकै आधारमा भद्रपुर नगरपालिका जवाफदेहि हुने वा क्षति पूर्ति दिन बाध्य हुने छैन । त्यस्तो घटनाको कारण भएको क्षतिको सम्पूर्ण जवाफदेहि तथा उत्तरदायित्व स्वयम निर्माणकर्ता तथा कम्पनीको हुनेछ ।

(छ) जनावर आतङ्क न्यूनीकरणयन्त्र नगर क्षेत्र बाहेक अन्यन्त्र बिक्रि गर्दा निर्माण कर्ताले नगरपालिकालाई जानकारी दिनुपर्ने छ र बिक्रि मुल्यको २% सम्म रकम भद्रपुर नगरपालिकामा बुझाएर मात्र खरिद गर्नु पर्नेछ ।

(ज) जनावर आतङ्क न्यूनीकरणयन्त्र जस्ता जनावर आतङ्क नियन्त्रण गर्न सहयोग हुने ड्रोन लगायत यस्तै प्रकृतिका नविनतम प्रबिधिमा आधारित उपकरण बनाउन निर्माणकर्ताले नगरपालिकामा निर्माण अनुमति सहित नियामानुसार व्यवसाय दर्ता गरी सो को लाग्ने दस्तुर नियमित रुपमा तिरे बुझाएको हुनु पर्दछ ।

(झ) यस प्रकारका नविनतम यन्त्रहरुको निर्माण गर्ने निर्माण कर्तालाई भद्रपुर नगरपालिकाले आवश्यक सहयोग एवम प्रोत्साहनका लागि पुरस्कृत गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

## भाग ४

### ६. जनावर आतङ्क न्यूनीकरणयन्त्रको उपयोग सम्बन्धि व्यवस्था

(क) जनावर आतङ्क न्यूनीकरणयन्त्रको प्रयोग सामान्यतया नगरबासीको जीउ ज्यान संरचना अन्नबाली आदिको जनावरद्धारा क्षति पुऱ्याउने अवस्था भएका बखत त्यस्ता जनावर तथा किटपतङ्गलाई उक्त यन्त्रबाट निसृत आवाजद्धारा हटाउने, भगाउने वा लखेट्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ साथै उक्त प्रयोजन बाहेक अन्य उदेश्य राखी कही कतै कसैले प्रयोग गर्न पाउने छैन ।

(ख) जनावर आतङ्क न्यूनीकरणयन्त्र हानीकारक जनावर तथा किटपतङ्गले मानवको जीउधन संरचना र बालीनालीको क्षति गर्न लागेको एकिन भएपछि मात्र सो यन्त्र प्रयोग गर्न जान्ने तालिम प्राप्त व्यक्तीले नजिकको सुरक्षा कर्मी , नेपाल प्रहरी , सशस्त्र प्रहरी ,नेपाली सेना , नगर प्रहरी,  नगरका जनप्रतिनिधि, सम्बन्धित टोल विकास संस्थाका प्रमुख वा प्रतिनिधि मध्ये कसैलाई जानकारी दिएर मात्र प्रयोग गर्नु पर्ने छ । त्यस्तो जानकारी प्राप्त भएपछि जानकारी प्राप्त गर्ने निकाय वा व्यक्तीले सो को जानकारी तत्काल अन्य उल्लेखित निकायलाई गराउनु पर्ने छ । यो यन्त्र वन्यजन्तु संरक्षण स्थल वनजंगल, त्यस्ता जनावर रहने उद्यान जस्ता स्थानमा प्रयोग गर्न पाइने छैन ।

(ग) सामान्यतया यस प्रकारको यन्त्र बिद्यालय क्षेत्र, घना बस्ती, व्यापारिक हाटबजार, जेष्ठ नागरिक बिश्रामलय जसता स्थानको कम्तिमा १ (एक) किलो मिटर टाढा मात्र प्रयोग गर्न पाईनेछ ।

(घ) जनावर आतङ्क न्यूनीकरणयन्त्र प्रयोग गर्ने व्यक्ति, समुदायले अनुमति नलिएका कारण तालिम नलिएको व्यक्तिले प्रयोग गरेको कारण वा अन्य कुनै पनि कारणले दुर्घटना भई कुनै प्रकारको क्षति भएमा स्वयं प्रयोगकर्ता जवाफदेहि वा उत्तरदायि हुनु पर्दछ ।

(ङ) यो यन्त्र प्रयोग गर्दा पूर्ण सावधानी अपनाई निर्माण कर्ता समेतले दिएको प्रयोग बिधिलाई अनुशरण गरेर तोकिएको क्षेत्र तथा उदेश्य प्राप्तीका लागि मात्र प्रयोग गर्नु पर्ने छ । हानीकारक जनावर तथा किटपतङ्ग भगाउने उदेश्य बाहेक जथाभावि प्रयोग गरेको पाईएमा वा देखिएमा नगर कार्यपालिकाको निर्णय बमोजिम त्यस्तो प्रयोग गर्ने व्यक्ति, संस्था वा समुहलाई जरिवाना गरी यन्त्र जफत गर्न सकिनेछ ।

(च) यो यन्त्र अनुमति प्राप्त व्यक्ति वा संस्थाको मात्र जिम्मामा रहनेछ । बिना अनुमति एकले अर्को व्यक्ति वा समुहलाई दिन वा प्रयोग गर्न पाउने छैन, सो कार्य गराएमा उक्त कार्य डण्डनिय हुनेछ ।

(छ) यो यन्त्र खरिद, प्रयोग तथा संरक्षणमा भद्रपुर नगरपालिकाको प्रत्येक वडामा गठित टोल बिकास संस्था प्रमुख बिकल्प तथा संस्थागत संरचना भएको हुँदा आवश्यक स्थानका टोल विकास संस्थाले उक्त यन्त्र खरिद प्रयोग तथा संरक्षण गर्न गराउन सक्नेछन ।यसरी टोल बिकास संस्थाद्धारा उपरोक्तानुसारका कार्य गरी नगरबासीको जीउधन संरचना तथा बालीनालीको संरक्षणमा उल्लेखिय प्रभावकारिता ल्याउन सकेमा नगरपालिकाले बार्षिक रुपमा त्यस्ता टोल बिकास संस्थालाई सो यन्त्र खरिद, प्रयोग, मर्मत तथा भण्डारणमा सहयोग पुग्ने गरी बढीमा १०,०००।- (दश हजार) सम्म सहयोग गर्न सक्नेछ ।

(ज) जनावर आतङ्क नियन्त्रण सम्बन्धि यन्त्र कुन टोलमा प्रयोग भयो, कति पटक कुन मितिमा प्रयोग गरियो भन्ने कुराको जानकारी सम्बन्धित टोल विकास संस्थाले सम्बन्धित वडा कार्यलयमा लिखित रुपमा गराउनु पर्नेछ ।

(झ) भद्रपुर नगरपालिकाभित्र जनावर आतङ्क नियन्त्रण सम्बन्धि यन्त्र खरिद गर्ने संस्था व्यक्ति र सम्बन्धित टोल विकास संस्थाबिच अन्योन्यासृत सम्बन्ध राखी सबै कृयाकलापको जानकारी सम्बन्धित टोल बिकास संस्थामा राख्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## ७. जनावर आतङ्क नियन्त्रण सम्बन्धि यन्त्र प्रयोग गर्दा भद्रपुर नगरपालिकाबाट अनुमति लिनुपर्ने

(क) यो यन्त्र प्रयोग गरी जनावर तथा किटपतङ्गद्धारा सृजित आतङ्क न्यूनीकरणगर्न चाहने व्यक्ति वा संस्थाले उक्त यन्त्र खरिद गर्दाको बखत सो प्रयोग हुने क्षेत्र, जिम्मेवार व्यक्ति समुहको नाम ठेगाना सम्पर्क नं. र सो यन्त्र प्रयोग गर्न दक्ष व्यक्तिको नाम थर ठेगाना सहित भद्रपुर नगरपालिकामा निवेदन दिई खरिद आदेश लिएर खरिद गर्नु पर्नेछ साथै प्रयोग अनुमति समेत नगरपालिकाबाट सोहि बखत लिनु पर्नेछ ।

(ख) यसरी दफा ७(क) बमोजिमको निवेदन प्राप्त भएपछि भद्रपुर नगरपालिकाले खरिद तथा प्रयोग अनुमतिका लागि कार्यपालिका बैठकबाट निर्णय गराई खरिद तथा प्रयोग अनुमति दिने निर्णय भएमा प्रमुख प्रसाशकिय अधिकृतले निवेदनमा माग भएको व्यहोरा खुलाई खरिद तथा प्रयोग अनुमति दिनु पर्नेछ ।

(ग) जनावर आतङ्क न्यूनीकरणयन्त्रको निर्माण खरिद, तथा प्रयोग अनुमति प्रदान गर्दा उक्त अनुमति पत्रको बोधार्थ जिल्ला प्रसाशन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सम्बन्धित टोल बिकास संस्था तथा जिल्ला वन कार्यालयमा दिनु पर्दछ ।

**८. जनावर आतङ्क न्यूनीकरणसम्बन्धि यन्त्रहरु प्रयोग सम्बन्धि व्यवस्थाः**

(क) यस कार्यबिधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि नगर क्षेत्रमा जनावर तथा किटपतङ्गद्धारा मानविय जीउ,धन, संरचना तथा बालीनाली समेतको क्षतिलाई न्यूनीकरणगर्ने प्रयोजनका लागि तयार भएका, खरिद गरिएका, वा अन्य स्रोतबाट नगरपालिका वा नगरबासीलाई प्राप्त भएका जनावर आतङ्क न्यूनीकरणयन्त्र, यस्तै प्रकृतिका ड्रोन लगायत अन्य नविनतम यन्त्र उपकरणहरुको नगरबासीहरुले प्रयोग गर्न सक्नेछन् तर त्यस्ता यन्त्रहरुको प्रयोग गर्दा यस कार्यबिधिमा उल्लेख भएका निर्माण तथा प्रयोग अनुमति, संरक्षण, प्रयोग गर्ने बिधि, प्रयोग गर्दा लिनुपर्ने सावधानी तथा जानकारी दिनु पर्ने सबै कार्यालयहरुमा जानकारी दिएर मात्र प्रयोग गर्न सकिने छ ।

(ख) यसरी दफा ८(क) बमोजिम यन्त्र उपकरणहरुको प्रयोगबाट कुनै पनि प्रकारकको क्षति, दुर्घटना, हानीनोक्सानी भए गराएमा भद्रपुर नगरपालिका सोको जवाफदेहि हुने छैन ,स्वयम प्रयोग कर्ताको जवाफदेहि हुनेछ ।

(ग) उल्लेख भएका नविनतम प्रबिधि प्रयोग भई तयार भएका यन्त्र उपकरणहरुको प्रयोग गर्दा नगरपालिकाको निर्माण, खरिद तथा प्रयोगको पूर्व अनुमति अनिर्वाय हुनेछ साथै त्यस्ता यन्त्रहरुमा प्रयोग हुने अन्य बस्तुहरुको खरिद, ढुवानी तथा भण्डारण स्वयम प्रयोगकर्ताले आफ्नै खर्चमा गर्नु पर्दछ ।

**९ निगरानी समितिको गठनः**

(क) मानव, जनावर तथा किटपतङ्गको द्धन्दका कारण हुन सक्ने क्षतिलाई न्यूनीकरणगर्न नविनतम प्रविधिद्धारा उत्पादन भई प्रयोगमा ल्याईएका वा आएका यन्त्र उपकरणहरुको प्रयोग चुस्त दुरुस्त रुपमा भएको छ छैन, थप व्यवस्थित गर्नु पर्ने छ छैन जस्ता समग्र पक्षको व्यवस्थापन तथा निगरानी गर्न दफा ५(घ) को अनुगमन समिति बाहेक देहाय अनुसारको निगरानी समिति रहनेछ ।

- नगर प्रमुख — संयोजक
- नगर उपप्रमुख — सदस्य
- प्रमुख प्रसाशकिय अधिकृत — सदस्य

- सबै वडाका वडा अध्यक्षहरु — सदस्य
- नगर प्रमुखले तोकेको ईन्जिनिएर — सदस्य
- सामाजिक शाखाबाट १ जना कर्मचारी — सदस्य
- कार्यपालिका सदस्य मध्ये नगर प्रमुखले तोकेको १ जना — सदस्य
- कृषि शाखा प्रमुख — सदस्य सचिब

(ख) दफा ९(क) बमोजिमको समितिको बैठक संयोजकको आदेशले सदस्य सचिबले बोलाउनु पर्नेछ र बैठक सम्बन्धि कार्यबिधि समिति आफैले तयार गर्ने छ ।

(ग) निगरानी समितिको बैठक बस्दा बिषयसँग सरोकार रहेको वडाको वडा अध्यक्षको अनिवार्य उपस्थिति हुनु पर्नेछ ।

(घ) निगरानी समितिले आफ्नो बैठकमा कुनै विज्ञलाई आमन्त्रण गरी निजको सुझाव लिन बाधा पर्ने छैन ।

(ङ) दफा ५(घ) अनुसार अनुगमन समितिले दिएको सुझाव तथा प्रतिवेदन माथी निगरानी समितिमा आवश्यक निर्णय गर्नु पर्नेछ ।

(च) जनावर आतङ्क नियन्त्रणमा नविनतम प्रबिधि प्रयोग गरी बनाइएका विभिन्न यन्त्र उपकरणहरुको प्रयोगका अतिरिक्त प्रभावित क्षेत्रमा अन्य उपायहरु जस्तै प्रतिकार समूह गठन तथा परिचालन, विद्युतिय तारबारको निर्माण तथा प्रयोग, कुनै प्रकारको भौतिक निर्माण जस्तै पर्खाल, पैनी, परस्पर बिरोधी शत्रु जीवको पालन लगायत नगर प्रहरीहरुको परिचालन गरी क्षतिको न्यूनीकरणतथा क्षतिको विवरण संकलन गराउने, जनावरहरुको अत्याधिक आवागमन भई रहने जैविक मार्ग आसपासमा जुनसुकै प्रकारको निरिक्षण घर ( टावर) निर्माण एवम नगर प्रहरीहरुको प्रत्यक्ष निगरानीमा संचालन तथा रेखदेख जस्ता कार्यहरु गर्ने गराउने कार्यको प्रस्ताव यसै निगरानी समितिले नगर कार्यपालिका बैठकमा लगि निर्णयानुसार कार्यन्वयन गराउन सक्नेछ

(च) जनावर आतङ्क न्यूनीकरणसम्बन्धि नगर प्रहरीद्धारा गरिएका कामहरुको प्रतिवेदन निगरानी समितिमा राखी आवश्यक निर्देशन सो समितिले दिन सक्नेछ ।

# भाग ५

## १०. भद्रपुर नगरपालिकाको कर्तव्य तथा दायित्व सम्बन्धि व्यवस्था :

(क) मानिस र जनावर तथा किटपतङ्ग बिच उत्पन्न द्वन्दका कारण नगरबासीको जीउधन, संरचना तथा बालीनालीमा हुन सक्ने क्षतिको न्यूनीकरणगर्न नगरपालिकाले आफ्नो जनशक्तिका आधारमा आवश्यक परेका बखत नगर प्रहरी एवम अन्य कर्मचारीलाई खटाई सम्भावित क्षतिको न्यूनीकरणतथा भएको क्षतिको विवरण संकलन गराउनु पर्नेछ ।

(ख) प्राप्त क्षतिको विवरणलाई अध्ययन गरी प्रभावित व्यक्ति, समुहलाई के कसरी राहत तथा पून: स्थापना गर्न सकिन्छ भन्ने बिषयमा माथिल्लो निकायमा सहयोग लगायतका कार्यका लागि लेखि पठाउनु पर्ने छ साथै नगरपालिकाको स्रोतले भ्याएसम्म आवश्यक सहयोग समेत गर्नु पर्नेछ ।

(ग) नगरको भौगोलिक क्षेत्रभित्र जनावर तथा मानवबिच उत्पन्न द्वन्दका कारण हुने सम्भावित क्षतिको जानकारी लिन, संरक्षण गर्न र भईरहेको क्षतिको विवरण संकलन गर्न नगर प्रहरीको प्रमुख जिम्मेवारी हुने छ । यसका लागि नगर प्रहरीलाई चौबिसै घण्टा जनसम्पर्क हुने संचार साधनहरु जस्तै मोवाईल, करलेक्स( वाकीटकी) जस्ता प्रविधियुक्त सामानहरुको अनिर्वाय उपलब्धता गराउनु पर्दछ ।

(घ) जनावर तथा मानवबिच उत्पन्न द्वन्द न्यूनीकरणतथा नगरक्षेत्रमा अन्य विवध कारण उत्पन्न हुन सक्ने भिड, झैझगडा, हुलहुज्जत नियन्त्रण, विषेश व्यक्तिको सुरक्षा जस्ता कार्यहरुका लागि नगर प्रहरीलाई नगरपालिकाबाट खुकुरी, लाठि, हेलमेट र सेफ्टी ग्लास जस्ता सामानहरु उपलब्ध गराउनु पर्नेछ । जुनसुकै प्रकारका भिडभाड तथा जनावरहरुलाई भगाउने तर्साउने कार्यमा उल्लेखित सामाग्री प्रयोग तथा परिचालन गर्न नगर प्रहरी स्वतन्त्र हुनेछ ।

(ङ) नगर प्रहरीले आफुलाई लगाएको कामहरुको संक्षिप्त विवरण निगरानी समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(च) यस कार्यबिधि अनुसार जनावर आतङ्क नियन्त्रण यन्त्र लगायत अन्य यन्त्र उपकरणको प्रयोग गर्ने व्यक्ति, समुह, संस्थाले नगरपालिकामा तत्काल सम्पर्क गर्नुपर्ने वा अन्य विषयमा स्पष्ट हुनुपर्ने अवस्थामा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रसाशकिय अधिकृत वा नगर प्रहरी प्रमुख समेत सम्पर्क व्यक्ति हुन सक्नेछ ।

**११. खारेजि र बचाउ :**

(क) यस अघि भद्रपुर नगर पालिकाबाट जनावरहरुको आतङ्क न्युनिकरणका लागि भए गरेका जुनसुकै काम कार्वाहिहरु यसै कार्यबिधि अनुसार भए गरेको मानिनेछ ।

**१२.बाधा अड्काउ फुकाउने अधिकार :**

(क) यो कार्यबिधि कार्यन्वयनको शिलशिलामा कुनै बाधा अड्काउ आई परेमा भद्रपुर नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(ख) दफा १२(क) अनुसार यो कार्यबिधिको कार्यान्वयनको शिलशिलामा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ र सो मान्नु नगरबासीको कर्तव्य हुनेछ ।

आज्ञाले
होमनाथ भट्टराई
प्रमुख प्रशासकीय अधिकृत